# कीर्तिपुर नगरपालिका
# नगरकार्यपालिकाको कार्यालयको
## निर्माण सामग्री खरिदका लागि सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७६/०३/०१)

यस कीर्तिपुर नगरपालिका वडा नं. ४ स्थित साईराम चोकदेखि सिताराम दुध काराखानासम्म रिटेनिङ्ग वाल निर्माण कार्यको लागि आवश्यक तपसिलका निर्माण सामग्रीहरु दरभाउपत्रका माध्ययमबाट खरिद गर्नुपर्ने भएकोले सप्लाई गर्न ईजाजत प्राप्त आपूर्तिकर्ता फर्म तथा कम्पनीहरुबाट निम्न शर्तको अधिनमा रही रित पूर्वक सिलवन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१) चालु आर्थिक वर्षका लागि नविकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र एवं मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, व्यवसाय दर्ता प्रमाण पत्र लगायत अन्य आवश्यक कागजातहरु सिलवन्दी दरभाउपत्रका साथ पेश गर्नु पर्ने छ ।

२) दरभाउपत्र फाराम खरीद गर्नको लागि दरभाउपत्रदाता आफै वा अधिकृत वारेसनामा सहितको व्यक्ति उपस्थित हुनुपर्नेछ ।

३) सिलबन्दी दरभाउपत्र प्रथम पटक प्रकाशित मितिले ७ औं दिन भित्र की.न.पा. कार्यालयमा कार्यालय समय भित्र खरीद गरी ८ औं दिन, दिनको १२:०० बजे भित्र दर्ता गरि सक्नुपर्नेछ । दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु ८ औं दिन, दिनको ५:०० बजे खोलिनेछ । दरभाउपत्रदाता उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

४) तोकिएको मितिमा विदा परेमा विदाको भोलिपल्ट (कार्यालय खुलेको दिन) दरभाउपत्र फाराम खरीद गर्ने, पेश गर्ने तथा खोल्ने कार्य हुनेछ ।

५) नगरपालिकाले तोकेको परिमाणमा निर्माण सामग्रीहरु माग गरेतापनि सो भन्दा वढी परिमाण आवश्यक हुने भएमा दरभाउपत्रदाताले कबोल गरेको दररेटमै निर्माण सामग्री उपलब्ध गराउनु पर्ने छ । कबोल गरेको दररेट आ.ब. ०७५/०७६ सम्म मात्र मान्य रहनेछ । सिलबन्दी दरभाउपत्र दाखिला गर्दा आफूले कबोल गरेको दर अंक र अक्षरमा स्पष्ट लेखी खामको बाहिरपट्टी कामको नाम लेखी प्रष्ट बुझिने छाप लगाई सिलबन्दी गरी दाखिला गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

६) सिलबन्दी दरभाउपपत्र साथ यस नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक टेकुमा रहेको धरौटी खाता नं. १७००३०३००३००५ मा रु ५०,०००।- धरौटी रकम जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले **जारी गरेको** कम्तीमा ७५ दिन मान्य अवधि भएको बैङ्क जमानत (बैङ्क ग्यारेन्टी) संलग्न भएको हुनुपर्नेछ ।

६) दरभाउपपत्रमा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ ।

७) दरभाउपत्र सम्वन्धी विस्तृत सूचना यस नगरपालिकाको सूचना पाटीमा टाँस गरिएको छ ।

८) यस नगरपालिकाको हितलाई ध्यानमा राखि प्राप्त दरभाउपत्रहरु पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस न.पा.मा सुरक्षित रहने छ ।

१०) यो सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | परिमाण | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| १. | KRM -26 | ओ.पि.सि. ४३ ग्रेड सिमण्ट आपूर्ति | १७१० बोरा | १,०००।- |
| २. | KRM -27 | साह्रो ब्लक स्टोन आपूर्ति | ९००.४९ घ.मी. | १,०००।- |
| ३. | KRM -28 | खोलाको सफा बालुवा आपूर्ति | ३५१.९८ घ.मी. | १,०००।- |